
के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक



# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क २५७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० असोज ११ गते बिहीबार ❑ 28 Sept. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## गण्डकी प्रदेशले भारत केन्द्रीत पर्यटकीय गतिविधि गर्नुपर्ने मुख्यमन्त्रीको जोड

पोखरापत्र संवाददाता
पोखरा, १० असोज

गण्डकी प्रदेशका मुख्य मन्त्री सुरेन्द्रराज पाण्डेले प्रदेशले भारत केन्द्रीत पर्यटकीय गतिविधि गर्नु पर्ने बताउनु भएको छ।

विश्व पर्यटन दिवसको अवसरमा बुधबार पोखरामा आयोजित समारोहमा बोल्दै मुख्यमन्त्री पाण्डेले नेपालको धैरै रहन सहनदेखि सडक यातायात र खुल्ला सिमानाका कारण प्रदेशले भारत केन्द्रित पर्यटकीय गतिविधि बढाउनु पर्नेमा जोड दिनु भएको हो । नेपाल र भारतको पुरानो सम्बन्धलाई समेत कायम गर्दै अघि बढ्नुपर्ने उहाँको भनाई थियो । पोखरामा विगत ९ महिना अघि निर्माण भएको पोखरा अन्तराष्ट्रिय विमानस्थललाई अधिकतम प्रयोग गर्न पनि भारतका केही प्रदेशबाट सिधा हवाई उडान गर्न आग्रह गर्नु भएको छ । उहाँले भन्नु भयो 'हाम्रो पहिलो तार्केट भारत लक्षित कार्यक्रम हुनु पर्छ, भारतका नजिकका प्रदेशहरूबाट केही पर्यटकहरू मात्र हाम्रो प्रदेशमा ल्याउन सके यसले प्रदेशको आर्थिक विकासमा टेवा




पुग्छ ।' भारतीय राजदुत मार्फत उक्त बिषयमा पहल गर्न आग्रह गर्दै मुख्यमन्त्री पाण्डेले भारतबाट सिधै पोखरा आउने वातावरण भएमा यस क्षेत्रको पर्यटन प्रर्बद्धनमा समेत थप टेवा पुग्ने विश्वास व्यक्त गर्नु भएको हो । लुम्बिनी देखि मुक्तिनाथसम्म द्रुत सडक मार्ग निर्माण गरी यस प्रदेशको धार्मिक पर्यटनको समेत विकास हुने मुख्यमन्त्री पाण्डेले जनाउनु भयो। सर्वोच्च अदालतले ६ महिना भित्र फेवातालको ६५ मिटर मापदण्ड कायम गर्न दिएको निर्देशन पालना गर्ने उहाँले बताउनुभयो । यसमा अभियानलाई सफल पार्न सबैले सहयोग गर्न आग्रह गर्नु भयो । मुक्तिनाथ मन्दिरबाट धार्मिक पर्यटन प्रर्बद्धन गर्न सकिने बताउदै उहाँले भारतका ठुला र चर्चीत धार्मिक गुरूहरूलाई नेपाल ल्याउने योजना सरकारको रहेको सुनाउनु भयो । पोखरा मुग्लिङ सडकखण्ड समयसै सक्ने गरी कामलाई द्रुत गतिमा अघि बढाउन संघिय सरकारसमक्ष आग्रह गरिएको मुख्यमन्त्री पाण्डेले बताउनुभयो । नयाँ पदमार्गको खोजी गर्दै हिमालको फेदीसम्म पुग्ने सरकारको योजना भएको उहाँले बताउनु भयो । प्रदेशको समृद्धिको मुल आधार पर्यटन क्षेत्र भएकोले सरकारले यसलाई निती तथा कार्यक्रममा समेत समेटेको दाबी गर्नु भयो । प्रदेशका उद्योग पर्यटन वन तथा वातावरण मन्त्री दिपेन्द्र बहादुर थापाले प्रदेशको पर्यटन ऐन जारी भएकोले संघिय सरकारको पर्यटन ऐन जतिसक्दो छिटो ल्याउनु पर्नेमा माग गर्नु भयो । नेपाल र भारतको सम्वन्ध धेरै पुरानो भएकोले पोखरामा भारतबाट सिधा हवाई उडान गर्न उहाँले समेत आग्रह गर्नुभयो ।

भारतीय राजदुत नविन श्रीवास्तवले पोखरा क्षेत्रको पर्यटन प्रवर्द्धन गर्न परिषद, निजी क्षेत्र सहित प्रदेश सरकारसँग सहकार्य गर्न तयार रहेको बताउनुभयो । कार्यक्रममा पोखरा महानगरका प्रवक्ता मोतीराज तिम्सिनाले पोखरा क्षेत्रको पर्यटन प्रबर्द्धन गर्न सहयोग गर्ने बताउनु भयो । परिषदका अध्यक्ष पोमनारायण श्रेष्ठले पोखरा क्षेत्रको प्रभावित भएको पर्यटन क्षेत्रलाई राज्यले यसमा बिषेश ध्यान दिनुपर्ने बताउनु भयो ।

यसैबिच, रेवान पोखराको आयोजनामा यस बर्ष पनि लेकसाइडको वाराहीचोक देखी खहरे चोकसम्म बुधबार पर्यटन दिवसको अवसरमा साँझ ६:०० बजे देखि मिनि सडक महोत्सब सुरु भएको छ । बुधबार उक्त महोत्सवको प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले गर्नु भएको थियो । कार्यक्रममा विभिन्न सांस्कृति कार्यक्रम समेत प्रर्दशन भएको रेवान पोखराका अध्यक्ष नरेस भट्टलाईले बताउनु भयो ।

## मिटरमा सञ्चालन नहुने ट्याक्सीको जरिवाना बढ्यो

पोखरापत्र संवाददाता
पोखरा, १० असोज

पोखरामा मिटर प्रणालीमा सञ्चालन नहुने ट्याक्सीको जरिवाना रकम बढाइएको छ । प्रदेशका भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्री रेशमबहादुर जुग्जालीसहित मन्त्रालयका अधिकारी, सुरक्षा निकाय र यातायात कार्यालयका प्रमुखको बसेको बैठकले सो निर्णय गरेको हो ।

मन्त्रालयका प्रवक्ता एवं यातायात व्यवस्था महाशाखा प्रमुख टीकाराम पौडेलले मिटरमा नचल्ने ट्याक्सीलाई रु दुई हजार एक सयका दरले जरिवाना तिराउने गरिएकामा अबदेखि न्यूनतम जरिवाना रु पाँच हजार पुर्‍याउने निर्णय भएको जानकारी दिनुभयो । गत भदौ १ गतदेखि पोखरा उपत्यकामा चल्ने ट्याक्सीमा लागू भएको मिटर प्रणालीलाई थप व्यवस्थित र प्रभावकारी बनाउन नयाँ रणनीति अपनाउने निर्णय भएको उहाँले बताउनुभयो । मन्त्री जुग्जालीले ट्याक्सीको मिटर प्रणालीमा थप कडाइ गरिने बताउनुभयो । "ट्याक्सीमिटरमासञ्चालनभए/नभएकाबारे मन्त्रालयबाट नियमित अनुगमन भइरहेको छ", उहाँले भन्नुभयो, "कुनै ट्याक्सीले मिटरमा चल्न नमानेमा तुरुन्तै ट्राफिक प्रहरी, यातायात कार्यालय र मन्त्रालयमा उजुरी गर्न सकिन्छ ।" हालसम्म मिटरमा सञ्चालन हुन नमान्ने एक सय १७ वटा ट्याक्सीलाई कारबाही गरिएको र केही ट्याक्सी कारबाहीको प्रक्रियामा रहेको ट्राफिक प्रहरी कार्यालय कास्कीले जनाएको छ । मिटर प्रणालीमा नचल्ने ट्याक्सीलाई सवारी ऐनअन्तर्गत कारबाही गर्ने गरिएको कार्यालयका वरिष्ठ प्रहरी नायब निरीक्षक शिवप्रसाद पाठकले बताउनुभयो। ट्याक्सीले मनपरी भाडा लिएर यात्रु ठग्ने गरेको जनगुनासो बढेपछि मन्त्रालयले मिटर प्रणाली लागू गर्न पहल लिएको थियो । ट्याक्सी व्यवसायीसँग विभिन्न चरणमा छलफल गरी मिटर प्रणालीमा ट्याक्सी सञ्चालन गर्ने निर्णय भएको थियो । विसं २०७८ फागुन १ गतेदेखि लागू हुने गरी प्रदेश सरकारले भाडादर समायोजन गरे पनि पोखराका ट्याक्सी मिटरमा चलेका थिएनन् । दुई वर्षअघि समायोजन गरिएको भाडादरअनुसार १५ किमीको यात्रामा चढ्नासाथ (फ्ल्याग डाउन) रु ८० र त्यसपछि प्रति दुई सय मिटरको रु १० तोकिएको छ । पन्ध्र किमीभन्दा बढीको दूरीमा प्रतिकिमी ३७ रूपैयाँ ५० पैसा कायम गरिएको थियो । केही ट्याक्सी चालकले पछिल्लो समय इन्धन र सवारीसाधनका उपकरणमा भएको मूल्यवृद्धिअनुसार भाडा समायोजन नभएको भन्दै मिटरमा चल्न आनाकानी गर्न थालेको यात्रुले गुनासो गरेका छन् ।

भाडादर समायोजनको विषयमा पनि मन्त्रालय गृहकार्यमा जुटिरहेको जनाउँदै प्रवक्ता पौडेलले यातायात व्यवसायीले विगतमा गरेको प्रतिबद्धता कार्यान्वयनमा जिम्मेवार बन्नुपर्ने बताउनुभयो । उहाँले ट्याक्सीले मनलाग्दी भाडा लिने प्रवृत्तिको अन्त्य गरिने उल्लेख गर्नुभयो ।

## पर्वतीय संग्रहालयमा अब फरक भूगोलका एकै हिमाली जनजीवन चिनाउने फोटो देखाउन सुरु

पोखरापत्र संवाददाता
पोखरा, १० असोज

पोखरामा रहेको अन्तर ाष्ट्रिय पर्वतीय संग्रहालयमा अबदेखि फरकफरक भूगोलका एकै प्रकारको हिमाली जनजीवन चिनाउने गरी अस्ट्रियन आमाछोरीले लामो समय लगाएर खिचेको फोटो प्रदर्शन हुने भएको छ ।

सन् १९१७ मा अस्ट्रियामा जन्मिएकी भूगर्भविद् एवं फोटोग्राफर डा इरिका हुबाचेक र उनकी छोरी इर्मट्रड हुबाचेकले विभिन्न देशका हिमाली क्षेत्रका किसानको जनजीवन कैद गरिएका फोटो प्रदर्शन सुरु भएको हो । पर्यटन दिवसको अवसरमा संग्रालयमा इसिमोड नामक संस्थासँगको सहकार्यमा विभिन्न देशका हिमाली जनजीवन एकआपसमा तुलना गरिएको तस्वीर प्रदर्शनमा राखिएको हो । 'यहाँ राखिएका तस्वीर आमाछोरीले फरकफरक समयमा खिचेका हुन् । सबै



फोटोमा के पाइन्छ भने, जुनसुकै हिमाली क्षेत्र भए पनि एकैप्रकारको जीवनशैली हुने रहेछ,' इसिमोडकी अस्मिता शाक्यले भनिन्, 'अब पर्वतीय संग्रहालय आउने सबैले फरकफरक भूगोलका हिमाली भेगको रहनसहन तुलना गरिएको तस्वीर पनि हेर्न पाउनेछन् ।'

साथै पर्यटन दिवसकै अवसरमा संग्रहालयमा विभिन्न चराचुरुंगी, सिमसार क्षेत्रबारे जानकारी दिने उद्देश्यले बनाइएको थ्रिडी तस्वीरसमेत सुरुआत गरिएको छ। उक्त तस्वीरबाट चराचुरुंगीबारे रुचि राख्नेहरु जानकारी लिन सक्ने संग्रहालयले जनाएको छ । कार्यक्रमका अतिथिलाई बिरुवा उपहार दिइएको थियो । पर्वतीय संग्रहालयकी कार्यकारी निर्देशक निर्मला न्यौपानेले पर्यावरण संरक्षण सचतेनाका लागि विरुवा उपहार दिइएको बताइन् । 'हेर्दा एउटा विरुवा त हो भन्ने लाग्न सक्छ । तर, यसको सन्देश ठूलो हुन्छ भन्ने लाग्यो,' उनले भनिन्, 'हरियाली हराउँदै जाँदा पर्यटनमा पनि असर पुग्दै गएको छ। त्यसकै सचेतनाका लागि विरुवा बाँडेका हौं ।' ४४ औं विश्व पर्यटन दिवसको मुख्य नारा नै 'हरियो पर्यटन'सँग सम्बन्धित भएकाले आफूहरुले पाहुनाहरुलाई विरुवा नै उपहार दिएको बताइन् । कार्यक्रममा नेपाल पर्वतारोहण संघका अध्यक्ष निमानुरु शेर्पा आफू विश्वका अन्य ठाउँका पर्वतीय संग्रहालय पनि पुगेको तर, नेपालको जस्तो परिपक्व अन्त नदेखेको दाबी गर्छन् । 'संसारका अन्य देशले पनि म्युजियम बनाएका छन् । तर, कुनै एउटा स्पेसिफिक चिजमात्रै देखाउन राखेका छन्,' उनले भने, 'हाम्रोजस्तो सबैथोक एकै ठाउँमा हेर्न पाइँदैन रहेछ ।' संग्रहालयकी कार्यकारी निर्देशक न्यौपानेले अघिल्लो आर्थिक वर्षमा २ लाख ७५ हजार जनाले संग्रहालय अवलोकन गरेको जानकारी दिइन् । कार्यक्रममा गण्डकी प्रदेश सभामुख कृष्णप्रसाद धिताल गण्डकीको पर्यटन विकासका लागि प्रदेश सधैं सकारात्मक रहेको बताए । उनले गण्डकीको मुख्य आर्थिक स्रोत नै पर्यटन भएकाले यसलाई अझै सुधार्दै लैजानुपर्ने बताए ।

## पोखरामा विश्व मुटु दिवस मनाईने

पोखरापत्र संवाददाता
पोखरा, १० असोज

विभिन्न तीन संघ संस्थाको सहकार्यमा आउदो शुक्रबार विश्व मुटु दिवसि पोखरामा मनाईने भएको छ । हरेक वर्ष सेप्टेम्बर २९ तारिकका दिन विश्वभर यो दिवस मनाइने गरिन्छ ।

नेपाली मिति अनुसार आउदो शुक्रबार अर्थात असोज १२ गते पोखरामा स्वस्थ मुटु नेपाल, चरक मेमोरीयल हस्पिटल प्रालि र टाईगर ग्रुप अफ पोखरा नेपालको सहकार्यमा संयुक्त रुपमा दिवस मनाईने भएको आयोजक संस्था स्वस्थ मुटु नेपालका सदस्य ईन्द्र प्रसाद पौडेलले जानकारी दिन । उनका अनुसार आउदो शुक्रबार बिहान सात बजे पोखरा ६ वैदाम स्थित क्याम्पिङ चोक (हल्लन चोक) देखि फिस्टेल गेटसम्म प्रभातफेरी निकालिने भएको छ । प्रभातफेरिमा विभिन्न संघ संस्थाहरुको सहभागिता रहने छ। प्रभातफेरी फिस्टेल गेटमा पुगेर औपचारीक कार्यक्रममा परिणत हुनेछ ।

कार्यक्रममा स्वस्थ मुटु नेपालका अध्यक्ष समेत रहेका मनमोहन कार्डियो भास्कुलर सेन्टर, टिचिङ हस्पिटल (त्रि.बि.) काठमाडौमा कार्यरत वरिष्ठ मुटुरोग विशेषज्ञ डा सूर्य देवकोटा सगै अन्यले मुटुरोग, यस्बाट बच्ने उपाए सगै मुटु स्वच्छ बनाउन दैनिक जिवनका गर्न पर्ने विविध पक्षका बारेमा जानकारी गराउने छन् ।

## सगरमाथाको आठ हजार मिटर उचाइबाट प्याराग्लाइडिङ गरिने

पोखरापत्र संवाददाता
पोखरा, १० असोज


विश्वको सर्वोच्च शिखर सगरमाथा (आठ हजार आठ सय ४८.८६ मिटर) बाट प्याराग्लाइडिङ गरिने भएको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीले सगरमाथाको आठ हजार मिटर माथिबाट प्याराग्लाइडिङ गरिने बताउनुभएको हो ।

विश्व पर्यटन दिवसका अवसरमा 'साथसाथै' ले आयोजना गरेको पर्यटनसम्बन्धी राष्ट्रिय सम्मेलनका क्रममा गरिएको अन्तर्क्रिया कार्यक्रममा पर्यटनमन्त्री किरातीले पर्यटक आकर्षण गर्नका लागि सगरमाथाको आठ हजार मिटर माथिबाट प्याराग्लाइडिङ गराइने बताउनुभयो । उहाँले भन्नुभयो, "हामीले पर्यटन प्रवर्द्धन गर्नुपर्छ भन्छौं तर, यसका लागि कस्तो नीति बनाएका छौं भन्ने कुरातिर ध्यान दिन सकेका छैनौं । त्यसकारण हामीले पर्यटन आकर्षण गर्नका लागि विभिन्न योजना बनाइरहेका छौं । जसअन्तर्गत सगरमाथाको आठ हजार मिटरमाथिको उचाइबाट डबल दस्तुर लिएर प्याराग्लाइडिङ गराउनका लागि नियमावली अन्तिम चरणमा छ । अब क्याबिनेटबाट पारित हुनेबित्तिकै लागू हुन्छ ।" पर्यटनमन्त्री किरातीले नेपालको ऐन कानून र भएका पूर्वाधारको सदुपयोग र नयाँ पूर्वाधारको निर्माणलगायतका कुराहरूले चुनौती सिर्जना गरेको बताउनुभयो । उहाँले भन्नुभयो, "सरकार जादुको छडी त होइन, तर, हामीले नेपालको पर्यटन क्षेत्रलाई थप सशक्त बनाउनुपर्छ । लयबद्धरूपमा


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।



हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# ईन्टर कलेज व्याण्ड कम्पिटिसनमा १८ कलेजका २१ टिमले प्रतिष्पर्धा गर्ने

**पोखरापत्र संवाददाता**
पोखरा, १० असोज

पोखरामा यहि असोज १२ र १३ गते हुने ईन्टर कलेज व्याण्ड कम्पिटिसनमा २१ टिमले प्रतिष्पर्धा गर्ने भएका छन् । आयोजक पोखरा सांगीतिक कलाकार संघले बुधबार पोखरामा पत्रकार सम्मेलन गरेर प्रतियोगितामा १८ कलेजका २१ टिमले सहभागिता जनाउने जानकारी दिएको हो ।

कक्षा ८ देखि स्नातकोत्तरसम्मका विद्यार्थीले सहभागिता जनाउने पाउने प्रतियोगितामा भद्रकाली मावि, कालिका मावि, कुमुदिनी होम्स, ईन्फोमेटिक्स कलेज, कान्तिपुर कलेज, ग्लोवल कलेजियट, सगरमाथा मावि, लाभेन्ज बोर्डिङ स्कुलले प्रतिष्पर्धाका लागि नाम दर्ता गराएको संघका अध्यक्ष हर्कराज गुरुङ (भाई)ले जानकारी दिए । त्यस्तै, प्रगती बोर्डिङ स्कुल, प्रतिभा मावि, पोखरा एकेडेमी, न्यू ग्यालेक्सी, मदरल्याण्ड, न्यू डायमण्ड मावि, लिङ्कन कलेज र पश्चिमाञ्चल माविपनि सहभागि रहेको उनले बताए । सहभागि मध्ये प्रतिभा, प्रगति र न्यू डायमण्डले दुई/दुई वटा टिम सहभागि गराएको जनाइएको छ । प्रतिष्पर्धाका लागि धैरै कलेजहरुले फर्म भरेपनि डिजिटल अडिसनका आधारमा २१ टिम छनौट गरिएको संघका



सचिव भाष्करध्वज श्रेष्ठले जानकारी दिए । प्रतियोगिताको उद्घाटन असोज १२ गते हुने र सो दिन दिएको प्रस्तुतीका आधारमा १० टिम फाईनलमा प्रवेश गर्ने उनले बताए । फाईनल राउण्डमा प्रवेश गरेकाहरुले गरेको प्रस्तुतीका आधारमा प्रथम, द्वितीय र तृतीय घोषणा गरिने उनले जानकारी दिए । उनका अनुसार व्याण्डहरुले कभर सङ्ग मात्रै गाए पुग्छ ।

प्रतियोगितामा सहभागि हुने दर्शकलाई नेपाल टेलिकमको सिम निःशुल्क वितरण गर्ने जनाइएको छ । कार्यक्रम हुने अवधीभर कार्यक्रम स्थलमा स्टल राखेर दर्शकले काटेको टिकटको आधारमा सिम वितरण गरिने संघका अध्यक्ष हर्कराज गुरुङ (भाई)ले जानकारी दिए ।

पोखराको सांगीतिक माहोल तताउँदै व्याण्डहरुलाई पुनःजागृत गराउने उद्देश्यले ईन्टर कलेज व्याण्ड कम्पिटिसन गर्न लागेको पोखरा सांगीतिक कलाकार संघले जनाएको छ । प्रतियोगिताले विद्यालयमा अध्ययनरत विद्यार्थीमा लुकेर रहेका प्रतिभाको उजागर गर्नुका साथै विद्यालयमा सांगीतिक माहोल सिर्जना गर्नका लागि वातावरण बनाउने संघका अध्यक्ष हर्कराज गुरुङले बताए। 'सुस्ताएको सांगितीक क्षेत्रलाई उठाउने प्रयास हो । यसमा व्याण्डले सबै विधामा प्रस्तुती दिन सक्छन् ।' उनले भने । आधुनिक, लोकभाका र रकमा समेत प्रस्तुती दिने सकिने जनाउँदै उनले आफनै सृजनाका गीतलाई पनि प्रस्तुतीकरण गर्न सक्ने स्पष्ट पारे । एकातिर विद्यालयमा भएका प्रतिभालाई उजागार गर्ने र अर्कोतिर सांगितीक माहोल सृजना गर्न कोशेढुंगा सावित हुने विश्वास संघले लिएको संघका सचिव भाष्करध्वज श्रेष्ठले बताए । मानसिक स्वास्थ्य सुधार्नपनि कार्यक्रमले सघाउने उनको भनाई छ । 'स्वास्थ्य मानसिकताको लागि संगीत' भन्ने ध्येय कलाकार संघको छ । स्वास्थ्य मानसिकताले मात्रै शैक्षिक सफलता प्राप्त हुने विश्वास संघको छ । त्यसैले शिक्षासँगै संगीत भन्ने अभियानलाई अगाडि बढाएको उनको भनाई छ । पत्रकार सम्मेलनमा स्वागत मन्तव्य राख्दै संघका सहसचिव विनोद बानियाले शिक्षा र संगीतलाई जोड्ने प्रयास आफूहरुले गरेको बताए । 'कुनैबेला पोखरा सांगितीक व्याण्डको शहरको परिचय बनाएको थियो' बानियाले भने-'अहिले त्यो अवस्था शून्यतामा छ । फेरी उठाउने प्रयास गरिएको छ ।'

प्याब्सन कास्कीका अध्यक्ष मधुराप्रसाद पौडेलले कलाकार संघले शिक्षा र संगीतलाई जोड्ने प्रयास सह्रानीय भएको बताए । यो कार्यक्रम हामीले गर्नुपर्थ्यो,उनले भने,'हामीले गर्नुपर्ने काम कलाकार संघले गरेको छ । अब यसलाई हामी क्यालेन्डरमै राख्छौं । यो कार्यक्रम गर्न हामी सहयोग र सहकार्य गर्दै जान्छौं । प्रतियोगिताको उपाधि बिजेतालाई नगद १ लाखसहित प्रमाणपत्र, उपबिजेतालाई नगद ५० हजार र तेश्रो हुनेलाई नगद २५ हजारसहित प्रमाणपत्र प्रदान गरिने जनाइएको छ । त्यस्तै, प्रतियोगितामा उत्कृष्ट भोकल, लिड गिटार, रिदम गिटार, बेस गिटार र उत्कृष्ट ड्रमरलाई पनि नगद ५/५ हजारसहित प्रमाणपत्र प्रदान गरिने सचिव श्रेष्ठले जानकारी दिए ।




रोटरी लेकसाइडको सरकारी विद्यालयमा सहयोगः पोखरा महानगरपालिका वडा नं १३ सिद्धार्थ टोल स्थित सिद्धार्थ आधारभूत विद्यालयमा रोटरी क्लव अफ पोखरा लेकसाइडको स्कुल सपोर्ट कार्यक्रम अन्तर्गत विद्यालयमा १२ फुटका दुइ वण्डल टिन हालै वितरण गरेको छ । चार कक्षासम्म पढाइ हुने विद्यालयमा करिव ७५ जना विद्यार्थी अध्ययनरत छन् । टिनवाट पानी चुहिने समस्यालाई समाधान गर्ने उद्देश्यले क्लवले टिन सहयोग गरेकोमा विद्यालयकी प्रधानाध्यापक अम्बिका वरालले धन्यवाद दिइन् । सोही कार्यक्रममा वडा नं १३ की वडा सदस्य सुचिता तामाङ्ले हाम्रो वडामा रहेको विद्यालयलाई यति राम्रो सहयोग गर्नाले धेरै खुशी लागेको भनिन् । रोटरी क्लव अफ पोखरा लेकसाइडका अध्यक्ष शोभकान्त सिग्देलले कार्यक्रमको बारे जानकारी दिए । कार्यक्रम संयोजक उपेन्द्र अधिकारीले कार्यक्रम संचालन गरेका थिए । फोटो-पोखरापत्र

# जिल्ला समन्वय समिति कास्कीद्वारा गैर सरकारी संस्थाहरूको बार्षिक समिक्षा

**पोखरापत्र संवाददाता**
पोखरा, १० असोज

जिल्ला समन्वय समिति जिल्ला समन्वय समिति कास्कीद्वारा गैरसरकारी संस्थाहरूको बार्षिक समिक्षा बुधबारदेखि शुरु भएको छ ।

सो अबसरमा उद्घाटन गर्दै जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले कास्कीका पालिकामा क्रियाशिल गैरसरकारी संस्थाहरू बिकासका सारथि भएको भन्दै बिकासमा थप प्रभावकारी नीति निर्माण गर्न आग्रह गर्नुभयो ।

विभिन्न समयक्रममा देशको बिकासमा महत्वपूर्ण योगदान प्रदान गरेका गैरसरकारी संस्थाहरू नाफामुखी भन्दा सेवामुखी हुनुपर्नेमा जोड दिदै पौडेलले कार्यक्रमले कमजोरीहरूको न्यूनीकरण गर्दै समृद्ध कास्की निर्माणको महान अभिभारा पूरा गर्न फलदायी हुनुपर्ने उल्लेख गर्नुभयो ।

प्रमुख पौडेलले सो कुरा जिल्ला समन्वय समिति कास्कीद्वारा आयोजना गरिएको दुई दिने गैर सरकारी संस्थाहरूको बार्षिक समिक्षा कार्यक्रमको उद्घाटन गर्दै बताउनु भएको हो । पौडेलले कतिपय संस्थाहरूको संचालित कार्यक्रम परम्परागत र अपारदर्शी हुने गरेको जनगुनासो बढेको उल्लेख गर्दै विभिन्न कार्यालय र स्थानिय तहका काम प्रभाबकारी बनाउन समेत गैरसरकारी संस्थाहरूको महत्वपूर्ण हुने बताउदै अझ गहन समन्वय र सहकार्यमा लाग्न आग्रह गर्नुभयो । कार्यक्रममा गैरसरकारी संस्था महासंघका केन्द्रिय अध्यक्ष राम प्रसाद सुवेदी, कास्कीका अध्यक्ष डाक्टर बुद्धि बहादुर थापा, महासंघकै गण्डकी प्रदेश अध्यक्ष गोपाल खड्का, जिल्ला प्रशासन कार्यालय कास्कीका शाखा अधिकृत नवराज बराल लगायतले मन्तव्य व्यक्त गर्नुभएको थियो ।

सो अबसरमा हिमालय लाइफ नेपाल, बाल कल्याण संस्था, कोपिला नेपाल, आमा मिलन केन्द्र, राइट फर चिल्ड्रेन, स्टार चिल्ड्रेन, दयाको सेवा नेपाल, सि डब्लु एस एन गोनेशा नेपाल ले बार्षिक समिक्षा प्रस्तुत गरेको जिल्ला समन्वय अधिकारी नबराज बरालले जानकारी दिनुभयो ।

प्रमुख लिलाधर पौडेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत उप -प्रमुख सरिता माल र संचालन जिल्ला समन्वय अधिकारी नबराज बरालले गर्नुभएको थियो ।

# सगरमाथाको ...

काम गर्दै जाने हो, उसमा सोच र सही दृष्टिकोण छ कि छैन भन्ने कुरा महत्त्वपूर्ण हुन्छ ।" सरकार बदलिरहने प्रवृत्तिले गर्दा दीर्घकालीन योजनाका काम नहुँदा समस्या भएको उहाँले बताउनुभयो । उहाँले अहिले ढिलो भए पनि आत्तिहाल्नुपर्ने स्थिति भने नभएको बताउनुभयो । राज्यव्यवस्था तथा सुशासन समितिका सभापति रामहरि खतिवडाले सुन्दर मुलुकलाई पर्यटन प्रवर्द्धकका रूपमा लिन सक्यौं भने ठूलो योगदान गर्न सकिने बतानुभयो । उहाँले छिमेकी मुलुक भारत र चीनबाट मात्रै पर्यटक ल्याउन सकिए पर्यटन विकासलाई सार्थक बनाउन सकिने धारणा राख्नुभयो ।

नेपाल पर्यटन बोर्डका कार्यकारी प्रमुख डा धनञ्जय रेग्मीले 'मुलुकको समृद्धिका लागि पर्यटन : हिमाल, पर्यटन, जलवायु परिवर्तन र महिला' शीर्षकको कार्यपत्र प्रस्तुत गर्दै जलवायु परिवर्तनका कारण हिमालमा जोखिम बढेकाले समयमै पूर्वतयारी र पूर्वाधार विकासमा ध्यान दिनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

# शंका नगरौं, सरकारलाई सहयोग गरौं - मन्त्री सिंखडा

**पोखरापत्र संवाददाता**
पोखरा, १० असोज

गण्डकी प्रदेश सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयले गण्डकी प्रदेश भित्र स्वास्थ्य क्षेत्रमा क्रियाशील गैर सरकारी संघसंस्था सँग छलफल तथा अन्तरक्रिया गरेको छ ।

गैर सरकारी संस्थाले स्वास्थ्य क्षेत्रमा प्रवाह गरेका सेवा र उपलब्धि बारे जानकारी लिने उद्देश्यले कार्यक्रम गरिएको हो । कार्यक्रममा विभिन्न २० वटा संस्थाले आफ्ना गतिविधि बारे जानकारी दिएका थिए । सरकार र गैर सरकारी संस्था बीच तालमेल र समन्वय नहुँदा सेवा प्रवाहमा कतै अभाव र कतै आवश्यकता भन्दा बढी हुने गरेको अवस्थालाई मध्यनजर गर्दै कार्यक्रम गरिएको मन्त्रालयले जनाएको छ । कार्यक्रममा गण्डकी प्रदेश सामाजिक विकास तथा स्वास्थ्य मन्त्री सुशिला सिंखडाले गैरसरकारी संस्थाले कार्यक्रम



संचालन गर्दा सरकारलाई गालि मात्रै गर्नु राम्रो नभएको बताउनुभयो । सरकार र गैर सरकारी संस्थाले काम गर्ने जनताको लागि नै हो, तर गैर सरकारी संस्थाले सरकारको आलोचना मात्रै गर्नु राम्रो होइन, उहाँले भन्नुभयो, गैर सरकारी संस्थाले गरेको काममा पनि जनताले सरकारको अनुभुति हुने गरी काम गर्नुपर्छ ।' उहाँले आफू गण्डकी प्रदेशमा स्वास्थ्य क्षेत्रका लागि अभिभावकीय भूमिका निर्वाह गर्न तयार गरेको भन्दै सरकारसँग समन्वय गरी काम गर्न आग्रह गर्नुभयो । उहाँले सरकारले गैर सरकारी संस्थालाई र गैर सरकारी संस्थाले सरकारलाई शंका गर्न नहुने भन्दै सरकारको सहयोगी बन्न आग्रह गर्नुभयो । मन्त्रालयका सचिव डा. विनोद विन्दु शर्माले गण्डकी प्रदेशमा नवजात शिशुको मृत्युदर घटाउन र आमाको स्वास्थ्यलाई विशेष प्राथमिकतामा राखेर काम गर्नुपर्ने उल्लेख गर्नुभयो ।

गण्डकी प्रदेश स्वास्थ्य निर्देशनालयका महानिर्देशक खिम बहादुर खड्काले स्वास्थ्य क्षेत्रमा एकिकृत कार्ययोजना निर्माण गर्नुपर्नेमा जोड दिदै गण्डकी प्रदेशमा सहयोगी संस्थाको संख्या बढेकोमा खुशी व्यक्त गर्नुभयो ।

# चितुवाको आक्रमणले दुई सय कालिज सखाप

**पोखरापत्र संवाददाता**
स्याङ्जा १० असोज

स्याङ्जाको कालीगण्डकी गाउँपालिका-५ जैपातेस्थित सित्मामा आशिष न्यौपानले सञ्चालन गरेको 'आशिष दाई बहुद्देश्यीय कृषि फार्म'मा चितुवा पसेर कालिज सखाप पारेको छ ।

बुधबार बिहान फार्ममा दानापानी दिन जाँदा कालिज मृतावस्थामा भेटिएका थिए । करिब दुई सय २० को हाराहारीमा कालिज रहेकामा एक सय ९० वटालाई चितुवाले मारेको सञ्चालक न्यौपानेले बताउनुभयो । "म र मेरी श्रीमती मिनाक्षी दाना खुवाउन फार्ममा पसेका थियौं, अचानक कालिज मरेका र घाइते कालिज छट्पटाएको देख्दा अताल्लियौं", उहाँले भन्नुभयो, "श्रीमतीले झाडीमा चितुवाको पछाडिको भाग देखेपछि ज्यान बचाउन हामी बाहिर भाग्यौं ।"


सित्मामा डेढ वर्ष पहिलेदेखि कालिजपालन गरिँदै आएको थियो । बेच्न र फुल पार्न ठिक्क परेका करिब साढे चार लाख बराबरको कालिज चितुवाले मारिदिएको न्यौपानेको भनाइ छ । चितुवाले धेरैजसो कालिजलाई नङ्गा गाढेर मारेको पाइएको छ । डिभिजन वन कार्यालय स्याङ्जा, नेपाल प्रहरी र स्थानीयले दिउँसो १ बजेसम्म होहल्ला गर्ने, माटो छर्किने र पासो थापेर चितुवालाई नियन्त्रणमा लिने प्रयास गरेका थिए । चितुवा फार्म नाइलको जाली च्यातिएको भेटिएपछि चितुवा भागेको आशङ्का गरिएको छ । न्यौपानले फार्ममा हालसम्म रु १७ लाख लगानी गरिसक्नुभएको छ । फार्म चार रोपनी जमिनमा फैलिएको छ । कालिज प्रतिवटा दुई हजार पाँच सय र अण्डा रु ५० देखि एक सयसम्ममा बिक्री हुँदै आएको थियो । स्याङ्जा, गुल्मी र पर्वतबाट कालिज किन्न यहाँ ग्राहक आउने गरेका थिए ।


कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :

» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

